सधैंभरि लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

**बितरक चाहियो**

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्से, करगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो। सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▸▸ अंक ३२४ ▸▸ जेठ ३० आईतबार,२०७८, June –13 Sunday ,2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

## बिपन्नलाई खाद्यान बितरण

❖ मुलुकी संवाद्दाता

*गाईघाट, जेठ २९*

त्रियुगा माध्यमिक बिद्यालय गाईघाट, उदयपुरमाबाट २०५४ मा एसएलसी परिक्षा दिएका पुर्व विद्यार्थी समुहले गाईघाटका १७ बिपन्न परिबार लाई खाद्यन्न सामाग्री बितरण गरेको छ ।

समुहले शनिबार पनि त्रियुगा नगरपालिका वडा नम्बर ९ राटमाटे, १० बोक्से र १२ नम्बर पुरानो गाईघाटका करिब ३० घर बिपन्न परिबारलाई खाद्यन्न सामाग्री बितरण गरिसके छ । बिभिन्न दाताहरुको सहयोगमा यो कोरोना महामारीको समयमा आर्थिक आयआर्जन गर्न नसकेर समस्यामा परेका, रोजगारी गुमाएकाहरुलाई सहयोग गरेका समुहका सदस्य कुमार मोतेल बताए ।

# त्रियुगा नगरपालिकाले चार वर्षमा गरेका कामहरु

❖ बुद्धि कुमार राई

*उदयपुर, जेठ २९*

त्रियुगा नगरपालिका उदयपुरमा नगरप्रमुख मेयर बलदेब चौधरीले आफुले ४ बर्षमा गरेको कामहरुको सुची बनाएर सार्बजनिक गरेका छन्।

विपक्षी दल तथा सामाजिक सञ्जालमा नगरपालिका र नगरप्रमुख मेयर बलदेब चौधरीले केही काम गर्न नसकेको आरोप लागेपछि मेयर चौधरीले मुलुकी दैनिको साक्षात्कारमा आफु २०७४ साउन १ गतेदेखि मेयर भएर आए पछि नगरपालिकाको १६ वटै वडाँमा ७५ किलोमिटर नयाँ सडकको ट्र्याक खोलेको बताए । मेयर चौधरीले त्रियुगा नगरपालिकाले ७५ किलोमिटर नयाँ सडकमा ग्राभेल गरिएको बताए। उनले नगरपालिका भित्र ४४. ३५ किलोमिटर सडक निर्माण गरेका पनि बताए । नगरपालिका भित्र ९ किलो मिटर नयाँ सडकमा कालोपत्रे पिच गरेका जानाकारी दिए।१६ वटा नै वडाहरुमा १९ किलोमिटर सडक नाला बनाएका बनाएको जानाकारी दिए ।

बितेको चार बर्षमा नगरपालिकाले ३ वटा पुल निर्माण गरेको छ । नगरपालिकाको कृषकहरुलाई ध्यानकेन्द्रित गरी ६ किलोमिटर सिचाइका लागि नहर कुलो बनाएको छ। बर्षाको समयमा




स्थानीय नगरवासीलाई पिरलोको विषय बन्दै आएको खोला खहरे नदीमा १३ किलोमिटर नाला निर्माण भएको पनि मेयर चौधरीले जानाकारी दिए। समाचारको पुरा अंश पेज २ मा प्रकाशन गरिएको छ।

# बोलेरो दुर्घटनामा १ को मृत्यु, ३ घाईते

❖ महेश्वर चामलिङ

*उदयपुर, जेठ २९*

शनिबार साँझ उदयपुरको ताप्ली गाउँपालिका ४ ठानागाउँमा बोलेरो जीप दुर्घटना हुँदा १ यात्रुको घट्नजास्थलमै मृत्यु भएको छ। चालकसहित ३ जना घाईते भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ।

कटारीबाट कुटानी पिसानी मिलको सामग्री लिएर ठानागाउँतर्फ जाँदै गरेको नं. नखुलेको बोलेरो जीप साँझ ६:३० बजे ठानागाउँको पोखरीस्थित ठूलो खोल्सामा अनियन्त्रित भएर दुर्घटनामा पर्दा सिन्धुलीको दुघौली नगरपालिकाका इन्द्रबहादुर विकको मृत्यु भएको प्रहरीले जनाएको छ।

जीप सडकदेखि ३ सय मिटर तल खसेर उत्तानो परेर पल्टेको अवस्थामा रहेको प्रत्यक्षदर्शी मिलन तामाङले बताएका छन् । दुर्घटनामा परी चालक दिनेश श्रेष्ठ, ताप्ली ४ ज्यामिरेका झगडबहादुर सार्की र डम्बरबहादुर तामाङ घाईते भएका छन् । घाईतेमध्ये चालक श्रेष्ठ र सार्कीको अवस्था गम्भीर रहेको छ भने तामाङ सामान्य घाईते रहेको बताइएको छ।

प्रहरी चौकी रुपाटार र स्थानीयको सहयोगमा घाईतेहरुको गाउँलेले उद्धार गरी उपचारार्थ कटारी अस्पतालतर्फ पठाइएको स्थानीयले बताएका छन्। पछिल्लो समय उदयपुरमा सवारी दुर्घटना बढेको छ।

## ताप्ली गाउँपालिकाको कार्यालयद्वारा

### गाउँपालिकाबासी जनसमुदायलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यपार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

ताप्ली गाउँपालिकाको कार्यालय
रुपाटार, उदयपुर



## सम्पादकिय

# जिम्मेवार नगरवासी बनौं।

उदयपुर जिल्लाको सदरमुकाम गाइघाट बजार त्रियुगा नगरपालिका भित्र पर्दछ। हामिले हाम्रो त्रियुगा नगरपालिकाको मेयर उच्च राजनितिक तहको केन्द्रिय नेता पाएका छौ । नगरपालिकाले उच्च तहको केन्द्रिय नेता मेयर रुपमा पाउँदा बिकासको धेरै आशा राखेका थियौ । बिकास पनि हुने थियो समय परिस्थितिले साथ दिन सकेन होला । बिकास भन्ने कुरा आफै एक्कासि हुन सक्दैन । बिकासको पुर्बाधार बन्नु पनि बिकासको सुरुवात हो ।

नागरिकलाई बिकास भन्नाले आज को भोलि जादुको रुपमा काम भएको देख्न चाहानु नि गलत हो । योउटा निजि घर बनाउन त आफै घर मुल्केले मात्र भनेर हुन्न। नगरपालिका जस्तो संयन्त्रमा काम गर्न बाताबरण असहज भएको हुन सक्छ । मेयरले चुनाब अघि जे जति काम गर्छु भनेका थिए ती कामहरु भएनन् होला । २०७४ साल साउन १ गते निर्बाचित भएका मेयर बलदेब चौधरीले जे जे काम गर्छु भनेका थिए ती कामहरु गर्न का लागि पहल गरे। मेयर चौधरीले काम गर्न चाहादा चाहादै समय टिमले उनलाइ साथ दिन सकेन होला। हुन पनि मेयर चौधरी पुर्ब बिद्यार्थी नेता, कानुन ब्याबशायी, सामाजिक सङ्घ सस्थामा काम गरेका, एक पटक माननीय को निर्बाचन मा भाग लिएका, संचार उधमी, भएका कारण पनि उनलाई मेयरमा नगरबासिले निर्बाचित गरे। मेयर चौधरीले जे काम गर्न चाहेका थिए त्यो काम गर्न उनको सचिबालयले साथ दिन सकेन। उनले तीन पटक त स्वकिय सचिब परिबर्तन गरे । प्रेस सल्लाहकार समेत राखेनन । अन्य सचिबालयमा उनले के कति कस्ता मानिस नियुक्ति गरे नगरबासीले चाल पाएनन् । अब ४ वर्ष समय बितिसकेकाले नगरपालिकाले लक्ष्य अनुसार काम गरे गनेनन् यहाँका पत्रकारहरुले पनि मेयरलाई झकझकाइ रहनु पर्दथ्यो ।

विपक्षी तथा नगरवासीले मेयरले केही गरेन भनेर आरोप लागिरहेको बेला त्रियुगा नगरपालिका उदयपुरका नगरप्रमुख मेयर बलदेब चौधरीले आफुले ४ बर्षमा गरेको कामको फेरिस्त सुनाएका छन् । यि कामहरु भए नभएको अब हामी नगरबासीले खोजी अनुसन्धान गर्नु पर्दछ। काम नभई त मेयरले यसरी काम गरे भनेर भनेनन् होला ? हामी नगरबासीले नै मत दिएर चुनिएका मेयर हुन चौधरी । चुनाव फेरी पनि आउँदैछ। जति राम्रो काम गरे मेयर चौधरी उनको नै राजनितिक सफलताको लागि उपलब्धीमुलक हुनेछ। अबको चुनाबमा पनि राजनीतिक जिम्मेवारीको भर्याङ चढ्नको लागि मेयर चौधरीले काम गर्नै पर्दथ्यो र गरेका छन्। हामी नगरबासी अब जिम्मेवार भएर मेयर चौधरीले भने बमोजिम काम भए नभएको खोजी गरेर पत्ता लगाउनु नै उत्तम बिकल्प हुनेछ ।

## जेठ २९ गते शनिबार
## गाईघाटको तरकारी बजार भाउ



| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १२, फुलकोबी | रु ५० |
| २, अदुवा | रु १०० | १३, फर्सि | रु ३० |
| ३, टमाटर | रु ६० | १४, कटहर | रु ६० |
| ४, बन्दा | रु ५० | १५, काका | रु ४० |
| ५, भेन्टा | रु ५० | १६, धनियाँ | रु १५० |
| ६, खुर्सानी | रु ८० | १७, लोकलबोडि | रु ८० |
| ७, मुला | रु ६० | १८, खर्बुजा | रु ४० |
| ८, पर्बल | रु ८० | १९, रायो साग | रु ६० |
| ९, तितेकरेला | रु ६० | २०, लट्टे साग | रु ४० |
| १०, भिन्डी | रु ४० | २१, प्याज | रु ५० |
| ११, च्याउ | रु २०० | २२, निगुरो | रु २० |

# त्रियुगा नगरपालिकामा धेरै काम भएको छ। – मेयर बलदेब चौधरी

*त्रियुगा नगरपालिका उदयपुरका नगरप्रमुख मेयर बलदेब चौधरीसंग मुलुकी दैनिकका सम्पादक बुद्धि कुमार राईले गरेको कुराकानी ।*










**मुलुकी -** *२०७४ साल साउन १ गते देखि अहिले सम्म नगरपालिकामा के के काममा बिकास भए ?*

**मेयर -** त्रियुगा नगरपालिकाको १६ वटै वडाँमा ७५ किलोमिटर नयाँ ट्र्याक खनिएको छ । ७५ किलोमिटर सडकमा ग्राभेल गरिएको छ। नगरपालिका भित्र ४५ किलोमिटर नयाँ सडक निर्माण गरेका छौ । ९ किलो मिटर सडक कालोपत्रे पिच गरेका छौ । १९ क्लिामिटर सडकमा नाला बनाएका छौ ।

नगरपालिका भित्र ३ वटा पुल निर्माण गरेका छौ । ६ किलोमिटर को सिचाइ बनाएका छौ । १३ किलोमिटर खहरे नदि नाला निर्माण भएको छ । सार्वजनिक शौचालय २० वटा निर्माण गरेका छौ । १०७ वटा मन्दिर, गम्बा,चर्च बनाएका छौ। ३४ वटा विद्यालयहरु मर्मत सुधार गरिएको छ।

१४४ वटा भवन निर्माण सुधार,ममर्त गरिएको छ । ११६ वटा मर्मत,सम्भार गरेका छौ । ट्याङकी जस्ता वितरण गरिएको छ। विद्युत विस्तार ९५ प्रतिशत काम सकिसकेका छौ । १६ वटा वडा कार्यालयहरु मध्ये १२ वटा वडाको आफ्नै भबन बनेको छ । अब बाँकि ४ वटा वडां.नं. ९ राटमाटे ,११ गाईघाट, १२ पुरानो गाईघाट र १६ जाल्पा चिलाउनेको कार्यालय भबन बन्दै छ । त्रियुगा बसपार्क र बरुवा बसपार्क सम्पन्न हुदैछ।

सनुवाको पार्क निर्माण सञ्चालनको तयारी हुदै छ । डियमगेटदेखि खैजनपुरसम्म कालो पत्रे गरेका छौ । धाप्लाङमा सिचाइको छनोट गरेर नगरपालिकाले छुटै ७० लाखको आयोजनामा सिचाई गरिएको छ । ७ बिघा जग्गामा नगरपालिकाको क्रिकेट रंगशाला मोहनपुरमा निर्माण हुदै छ ।




थरुहट रंगशालालाई निरन्तरता दिदै छौ । त्रियुगा खोलाको सिरदेखि तिरसम्म नेपाल सरकारले ६ अर्ब ४४ करोडको ४२ किलोमिटर दाँया र ४२ किलो मिटर बाँया गरेर त्रियुगा नदीमा बाधँको निर्माण कार्य भईरहेको छ। हाल सम्म १४ किलोमिटर बाँध निर्माण भएको छ।

**मुलुकी -** *चाईनाको भ्रमण गरेर फर्केपछि के के योजना बनाउनु भयो ?*

**मेयर** -चाईना वा अन्य मुलुकले सहयोग दिने भएको छ । तर संघीय सरकार र प्रदेश सरकारले नेतालाई कानुन दिएका छैनन् । त्यसकारण यो योजना अधुरो भैरहेको छ ।

**मुलुकी -** *हिल सिटिको योजना कस्तो भईरहेको छ ?*

**मेयर**-मास्टर प्लान अनुसार अहिले होमस्टेको सुरुवात,मन्दिरको व्यवस्थापन,सडक निर्माण जस्ता काम सुरुवात भइरहेको छ।त्यस कामका लागि धेरै लगानी लाग्ने भएकाले पर्यटन बोर्डको आवश्यकता रहेको छ ।

**मुलुकी -** *केवलकारको वारेमा जानकारी दिनुस् न ?*

**मेयर** - रैतामाई गाउपालिका र त्रियुगा नगरपालिका मिलेर कम्पनी दर्ता गरेका छौ । बेलदोभानदेखि रौतासम केवलकार जाने भनेर कम्पनीमा दर्ता गरेका छौ । कम्पनिको कार्यालयमा गईसकेपछि कानुन मन्त्रालयले उद्योग मन्त्रालयलाई पठाईदिए। तर अहिलेसम्म हामीलाई संघीय सरकारले स्वीकृती दिएको छैन । ५ अर्बको योजनामा गोसाईकुण्ड केवलकार प्रालिले ६० प्रतिशत, त्रियुगा नगरपालिकाको ६० प्रतिशत र रैता गाउपालिकाको ४० प्रतिशत लगानीमा मिलेर यो योजना तयार पारेका छौ। यो पटकको बजेटमा संघीय सरकारलाई पनि केवलकार बनाउन दिएन भनेर मुद्धा हाल्न पनि सक्छौ । यसको लागि ५ अर्व बजेट लाग्ने अनुमान छ।

**मुलुकी -** *एयरपोर्टको कुरा के भईरहेको छ ?*

**मेयर** - नेपाल सरकारले एयरपोटका लागि स्विकृती दिईसकेको छ । अहिलेसम्म नगरपालिकाले २० लाख लगानी गरेर काम अगाडि बढिसकेको छ । त्रियुगा नगरपालिकाले पैसा खर्च गरे पनि संघ र प्रदेश सरकारले पैसा नदिएको कारण यो अधुरो रहिरहेको छ ।

# उदयपुरमा कोविडका २५ नया संक्रमित थपिए, १३७ जना निको भए

❖ रेनुका कुमारी राई

*उदयपुर, जेठ २९*

पछिल्लो समय उदयपुरमा कोविड संक्रमित घट्दै गएका छन् भने निको हुने क्रम बढ्दै गएको छ। पछिल्लो २४ घण्टामा २४ महिलासहित ४५ जना संक्रमित थपिदा निको हुनेको संख्या १ सय ३७ पुगेको छ।

स्वास्थ्य कार्यालय उदयपुरका अनुसार नयाँ थपिएका संक्रमितहरुमा चौदण्डीगढी नगरपालिकाका ६ महिलासहित १७, त्रियुगा नगरका ५ महिलासहित ११, बेलका नगरका २ महिलासहित १० र लिमचुङबुङ गाउँपालिकाका १ महिलासहित ५ जना रहेका छन्। उनीहरु अघिल्लो दिन परीक्षण गर्दा संक्रमित पुष्टि भएको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीले बताए। सुबेदीका अनुसार पछिल्लो ३ दिनयता संक्रमितभन्दा निको हुनेको संख्या बढ्दै गएको हो।

अघिल्लो दिन अहिलेसम्मकै सबभन्दा बढी ४ सय ७९ जना निको भएका थिए। शनिबार निको हुने १ सय ३७ संख्या त्यसपछिको दोस्रो ठूलो हो भने बिहीबार ९१ जना निको भएको स्वास्थ्य कार्यालयले जनाएको छ। पछिल्ला निको हुनेसहित जिल्लामा हालसम्म ४ सय ९६ महिलासहित १ हजार १ सय १२ जनाले कोविडलाई पराजित गरेर घर फर्केका छन्।

शनिबार थपिएका ४५ सहित सक्रीय संक्रमितहरुको उदयपुर कोविड अस्पताल बेलटार, सदरमुकामस्थित आँखा अस्पतालको आईसोलेसन र धरान तथा बिराटनगरमा उपचार भईरहेको छ। अस्पतालमा भन्दा दोब्बर बढी संक्रमितहरु होमआईसोलेसनमा उपचाररत रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

हाल त्रियुगा नगरपालिकाका १ सय १ महिलासहित २ सय ३९ को उपचार भईरहेको छ भने २ सय ९४ महिलासहित ५ सय २८ निको भईसकेका छन्। बेलकाका ६० महिलासहित १ सय २२ उपचारमा छन् भने ६० महिलासहित १ सय १२ जना निको भएका छन्। त्यस्तै चौदण्डीगढीका ४९ महिलासहित ९३ जनाको उपचार भईरहेको छ भने ४ महिलासहित १ सय ७ जना निको भईसकेका छन्। कटारीका २० महिलासहित ४५ उपचारमा रहँदा ४५ महिलासहित १ सय ७ निको भएका छन्।

स्वास्थ्य कार्यालयका तथ्यांक अधिकृत उमेश लुईटेलका अनुसार गाउँपालिकातर्फ लिमचुङबुङका १८ महिलासहित ४१ जना उपचारमा रहँदा ३२ महिलासहित ६४ जना निको भएका छन्। रौतामाईका ९ महिलासहित १४ उपचारमा छन् भने २५ महिलासहित ७८ जना निको भईसकेका छन्। त्यसैगरी ताप्ली गाउँपालिकाका २ महिलाको उपचार भईरहेको छ भने ३ महिलासहित १० जनाले कोविडलाई परास्त गरिसकेको लुईटेलले बताएका छन्।

स्वास्थ्यले जिल्लामा पछिल्लो ३ दिनयता कोविडबाट कसैको मृत्यु नभएको जनाएको छ। यसअघि मृत्यु हुनेको संख्या ४८ छ। त्रियुगाका ७ महिलासहित २४, चौदण्डीगढीका ४ महिलासहित ९, कटारीका २ महिलासहित ४, बेलकाका ४ पुरुष, उदयपुरगढीका १ महिलासहित ३, रौतामाईका १ महिलासहित ३ र लिमचुङबुङका १ पुरुषको ज्यान गएको लुईटेलले बताएका छन्।

उदयपुरमा वैशाख सुरुदेखि कोविड फैलिन थालेपछि २५ गतेदेखि सुरु भएको निशेधाज्ञा आउँदो असार ७ गते लागू गर्ने निर्णय भएको छ। पछिल्लो पटक शुक्रबार रातिदेखि थपिएको सातादिनको निशेधाज्ञा केही खुकुलो पार्दै विहान ७ देखि १२ बजेसम्म खाद्यान्न, दुधजन्य, पेट्रोलियम पदार्थ, फलफुल र तरकारीलगायत अत्यावश्यक सामग्री बेच्न खुल्ला गरिएको छ।





खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
## अति आवश्यक जानकारी
एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ताहरुमा नेपाल आयल निगम अनुरोध गर्दछ।


### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। आफ्नाना सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर, पाइप, चुल्होजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा झ्याल ढोका खुल्ला राखौं र चुलोको नजिक उभिएर मात्र खाना पकाउने गरौं।

### ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नब बन्द गरौं।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरु जस्तै सलाई, लाइटर, धुप आदि नबालौं। विद्युतजन्य उपकरणको प्रयोग नगरौं।
३. ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र नजिकको ग्यास बिक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१






कुमार अधिकारी (वडाध्यक्ष)
उदयपुरगढी गाउँपालिका- ५
को कार्यालय , उदयपुरगढी





कोरोना भाइरस कोभिड-१९ सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

" सबै सचेत बनौं, यस रोग सर्नबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं । "

जनहितका लागि
रौतामाई गाउँपालिकाको सन्देश
भुट्टार, उदयपुर

सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना

समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं ।

- आफूले सञ्चालन गरेको व्यापार, व्यवसायको समयमै नविकरण गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
- दर्ता गरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरी असल व्यवसायीको परिचय कायम गरौं ।
- मिति ननाघेका खाद्य पदार्थको बिक्री वितरण गरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान, जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्धविच्छेद) जस्ता व्यक्तिगत घटना दर्ताहरू सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल



माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोनः – ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट